CHANDRAGIRI HILLS

WHERE WISHES COME TRUE

# CHANDRAGIRI HILLS LIMITED

Thankot, Kathmandu, www.chandragirihills.com

Phone no : + 977 4312515

## १६औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०९/०१, मंगलवार)**

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस चन्द्रागिरि हिल्स लिमिटेडको मिति २०८२/०८/२९ गते (तदनुसार १५ डिसेम्वर, २०२५) सोमबार दिनको ४.०० बजे बसेको ८५ औं संचालक समितिको बैठकबाट निर्णय भए बमोजिम कम्पनीको १६ औं वार्षिक साधारणसभा २०८२ साल पौष २३ गते बुधवार (तदनुसार ७ जनवरी, २०२६) दिनको ११.०० बजे चन्द्रागिरि हिल्स लिमिटेड, बटम स्टेशन परिसर थानकोट, काठमाण्डौमा हुने व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभामा छलफलका विषयहरू :**

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को वासलात, आयव्यय हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८२/०८३ को बाह्य लेखापरिक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) कम्पनीको चुक्ता पूँजीको ५ प्रतिशत बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुँदा उक्त बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ ०.२६३२ प्रतिशत ले हुन आउने रु ४०,३७,०८२ नगद लाभांश वितरण गर्ने ।

**ख) विशेष प्रस्ताव**

१) संचालक समितिका स्वतन्त्र संचालक सदस्यको नियुक्ति अनुमोदन गर्ने ।

२) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/०८२ को वितरण गर्न योग्य मुनाफाबाट चुक्ता पूँजीको ५ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

३) कम्पनीको आ.व. २०८१/०८२ को प्रस्तावित बोनस शेयर वितरण गरे पश्चात कायम हुने चुक्ता पूँजीको १ बरावर १ अनुपातमा हकप्रद शेयर जारी गर्ने ।

४) कम्पनीको प्रबन्धपत्रको दफा ६ को कम्पनीको पूँजी संरचना संसोधन गर्ने ।

५) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्ने र सो सम्बन्धमा नियमनकारी निकायहरूबाट थप सुझाव वा हेरफेर वा संशोधन गर्न निर्देशन भएमा सोही बमोजिम गर्ने गरी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६) संचालक समितिका सदस्यहरूलाई प्रदान गरिने सेवा सुविधा ।

७) प्रभु बैंक लिमिटेडबाट नयाँ परियोजना निर्माणका लागि लिएको कर्जा अनुमोदन गर्ने ।

**ग) विविध ।**

**संचालक समितिको आज्ञाले**
कम्पनी सचिव

## साधारण सभा सम्बन्धी थप संक्षिप्त जानकारीः

१. १६ औं वार्षिक साधारण सभा प्रयोजनका लागि कम्पनीको शेयरधनी दर्ता किताब मिति २०८२/०९/११ गते शुक्रवार एक दिन बन्द रहने छ । नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा बुकक्लोज भन्दा अगाडीको दिनसम्म कारोवार भई नियमानुसार यस कम्पनीको शेयर रजिष्ट्रार ग्लोबल आईएमइ क्यापिटल लिमिटेड नक्साल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन पाउने छन् ।

२. यस कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरूले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । नाबालक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षण वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनीहरूको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

३. संयुक्त रुपमा एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्धारा मनोनित गरिएको साझेदारले वा निजहरूले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरूको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ, सोहि व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ ।

४. सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले कम्पनीको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

५. प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधिपत्र यस कम्पनीको कार्यालय थानकोट , काठमाण्डौमा बुझाई सक्नुपर्नेछ ।

६. एकै शेयरधनीले एक भन्दा बढि प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा जुन मुकरित प्रोक्सी कम्पनीको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो एक मात्र मान्य हुनेछ र सो वाहेकको प्रोक्सी मान्य हुने छैन । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नु भएका शेयरधनी स्वयम् सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नुभएमा अगाडी दिइएको प्रोक्सी स्वतः बदर हुनेछ ।

७. विविध शिर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफुले प्रश्न गर्न चाहेको विषय बारे सभा हुनुभन्दा ७ दिन अगावै यस कम्पनीको थानकोट काठमाण्डौ स्थित कार्यालयमा जानकारी दिनुपर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर छलफल गर्न सकिने छैन ।

८. आफ्नो परिचयपत्र सहित कम्पनीले जारी गरेको प्रवेशपत्र वा शेयर प्रमाणपत्र वा कम्पनीको शेयर अभौतिकीकरण गरेको देखिने अभौतिकीकरण खाता (DEMAT Account) को विवरण (BOID Statement) प्रस्तुत गरेपछि मात्र सभामा भाग लिन पाईनेछ ।

९. शेयरधनी महानुभावहरूको सुविधाको लागि सभा हुने दिन बिहान १०:०० बजेदेखि हाजिर पुस्तिका खुल्ला रहनेछ ।

१०. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरूले यथाशक्य झोला ,प्याकेट आदि नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सभाकक्षमा प्रवेश गर्नेको सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध छ ।

**द्रष्टव्य :**

कम्पनीको वार्षिक प्रतिवेदन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनलाईन माध्यमबाट पठाईनेछ । कारणवश उक्त प्रतिवेदन प्राप्त हुन नसकेमा कम्पनीको रजिष्ट्र्ड कार्यालय पानीपोखरी वा कम्पनीको कार्यालय थानकोट काठमाण्डौबाट प्राप्त गर्न सक्नुहुनेछ । साथै साधारणसभासंग सम्वन्धित वार्षिक प्रतिवेदन र छलफलका विषयहरू यस कम्पनीको वेवसाईट www.chandragirihills.com मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौ ।

---

### प्रतिनिधि - पत्र (प्रोक्सी फाराम)

श्री सञ्चालक समिति
चन्द्रागिरि हिल्स लिमिटेड
थानकोट, काठमाण्डौ ।

**विषय : प्रतिनिधि नियुक्त गरेको वारे ।**

महाशय ,

............................जिल्ला ... ........................................ न.पा./गा.पा. वडा नं ...........बस्ने म/हामी.............................................. ले त्यस चन्द्रागिरि हिल्स लिमिटेडको शेयरधनीको हैसियतले २०८२ पुस महिना २३ गते बुधवार हुने सोह्रौं वार्षिक साधारणसभामा उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि .........................................जिल्ला ............................. ............. न.पा. /गा.पा. वडा नं .....................बस्ने त्यस कम्पनीको शेयरधनी श्री ..................................................................शेयरधनी नं /BOID No ....................................... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनयन गरी पठाएको छु/छौं ।

निवेदक
दस्तखत ..........................
नाम :..........................
ठेगाना:......................
शेयरधनी नं BOID No......................
शेयर संख्या :.........................
मिति : .............................

द्रष्टव्य :
१) प्रतिनिधि (प्रोक्सी) मुकरर गर्दा शेयरधनी वाहेक अरुलाई गर्न पाईने छैन ।
२) यो निवेदन साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको कार्यालय थानकोट ,काठमाण्डौमा पेश गरि सक्नुपर्ने छ ।

.......................................................................................................................................................................

### प्रवेश पत्र

शेयरधनी नं BOID No......................
शेयरधनीको नाम.............................
शेयर संख्या :..........................

२०८२ साल पुस महिना २३ गते, बुधवार यस कम्पनीको सोह्रौं साधारणसभामा उपस्थित हुन जारी गरिएको प्रवेश -पत्र ।

| | |
|---|---|
| ........................ | .................... |
| **शेयरधनीको हस्ताक्षर** | **आधिकारिक दस्तखत** |

द्रष्टव्य :
१) शेयरधनी आफैले खाली कोष्ठहरू भर्नु होला ।
२) सभाकक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र अनिवार्य रुपमा लिई आउनुहुन अनुरोध छ ।